# ऐतिहासिक पत्रस्तम्भ

श्री दूर्गा सहायः

श्री इश्वरीले

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरूदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणबहादूर्साहबहादूर्सम्सेर जङ्‌देवानाम् सदा समरविजयीनाम्. लि स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरूदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजकुमार श्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयीषु सलाम्. पूर्वकपत्रमिदं ज्याहा कुशल तांहा कुशल चाहिये. पत्र आयो अर्थ मालूम भयो आगे इहाको समाचार भलो छ उप्रान्त माघको दिन २१ जादा आदित्यवार घरि वान्ह रात विताइ मर्स्यांदिको ढुकुर्दिघाट मर्‍यांघाटबाट हाम्रो फउज तर्‍यो ढङ्काकाउको जुभ पनि भयो १।२ घायल पनि भया. हामि पनि फोलंगा हाल्न लागि रह्याछौ. विस्तार पछिबाट लेषौला भनि लेषनु भयेछ. पारि तर्नाको सब्य असब्य चांजो. हांमीले हिजो लेष्याथ्युं. ताहा काज आटिकन पनि फौजपारि तरि गयेछ अवर जसप्रकार्ले काज बन्न्या सप्रन्या हुन्छ सो प्रकारलें चांजो गर्नु हवस्‥ फत्यै गराउन्याछन् विज्ञषु किमधिकं. सम्वत् १८३५ साल फाल्गुणवदि ४ रोज ५ मोकाम कान्तिपूर शुभम्‥‥

श्री दुर्गासहाय १

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणबहादूर साह बहादूर्समसेरजङ्‌देवानाम् सदा समरविजयीनाम् लि स्वस्ति श्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरूदालीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजकुमार श्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समर विजयिषु सलामपूर्वक पत्रमिदं इहा कुसल ताहा कुसल चाहिये पत्र २ आयो अर्थ मालुम भयो आगे इहाको समाचार भलो छ उप्रांत. तहाको हाल हाकीगत् र हाथिको अहवाललेषि पठावनु भयेछ विस्तार सुन्यु अरू पनि तहाको हाल हकीगत लेषदै गर्नु होला. वाकि डांका दिलैग्याको. अलौको कुरामा ग्रीम् साहेवले एस्तो एस्तो भन्या. मैले एस्ता तरहसित जवाफ सवाल गर्‍यां भनि लेषनु भयेछ वहुतै वनावनु भयेछ वाकि रह्याका हाथि पनि वा भन्नानिहरू महेसिमा गइ ग्रीम साहेव सित भेट गरी छुटाया छन् अलिक दिनमा, हांथिसारमा आइपुग्छन्. वाकि. कासि जानाका अर्थकन. वा भन्नानिहरू आइपुग्यापछि सल्लाहाले जानु होला. वाहा सम्म त वस्यैका छौं भनि लेषनु भयछ. वढिया हो वा भन्नानिहरू आइ पुग्यापछि सल्लाहाले जानु होला वाकि राजा ‥‥‥लाइ एस्ता एस्ता तरहसित विलत् आयेछ. ष्यालि रामलाई पनि विलत् भयेछ भनि लेषनु भयेछ. विस्तार सुन्यु. वाकि फौषाले सेवकको गर्नु गरी राषेछ उस्कन दोष छैन. परन्तु अंगरेजसंग सलुक राषौं भन्या. तागिर गर्मै पर्ला भनि लेषनु भयेछ. योग्यै लेषनु भयेछ अंगरेजका विनामत् तुलसी राउतलें कर्चुलियासग दिल मिलाइ हाथि चोरीले ज्यादा अंगरेजका विना सल्लाहाले तन्ले हाथि लैग्यात मैले पनी षामीद क्या साधनु पर्छ भनि हाथि ल्याया. जस्तो गरी उनले लेग्या. तेस्तै गरी हाम्रा सुव्वाले ल्याया. निसाफले वरोवर भयाको छ. हाथि ल्याउदा कर्चुलियाहरूले हात चलाउदा. उभारीया. अरू मोगलानाका रैतिकन छुयाको पनि छैन. गाउमा घुम गर्‍याको पनि छैन. तेत्ति हाथिका कुरामा कलकत्ताबाट वढियै देषिंछ. धुम उठन्या केहि देषिदैन. दिनानाथले वढियै कुरो लेषछन्. पटनाका वडा साहेववाट ग्रीम साहेवका नाउमा हाथि फिराइदे भनि प्रवाना मानसीले गराइ पठायछ. वाकि फौद्यालाइ नषोसी भयन भन्या. हाम्रो मुषालीफ मकवानी साहेवकन ग्रीमसाहेवले गोदलिराष्या छन्. तनलाई इसौंपुनू. हामि पनि फोद्याकन षोसौंला. संवत् १८३७ साल माघ शुदि १५ रोज ५ मोकाम शुभम्–

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि सकल गुणगरिष्ट– राजभारोद्धारणसामर्थ श्रीश्रीश्री जर्नेल भीमसेन थापा श्रीश्री श्री काजी रणध्वज थापा महासयेषु. श्री कृष्णानन्द षंडुडि श्री धनवीर थापाको वेदोक्त ग्रासीर्वाद सेवापूर्वकपत्रमिदम. दुतनीक तांहां कुसल मंगल भयासै हाम्रो प्रतिपाल उद्धार होला. आगे याहांको समाचार भलो छ. उप्रांत. श्री बुढा काजीवाट गढको वन्दवस्त गर्नु भाग्या नस्याका रैत्तिलाई तसलह गरि. वांफा गांउमा वसाई गुलजार गर्नु भनि आंग्या भया वमोजिम मुहुंडावाट श्रावणका महिनामा श्री नगरमा आई पुग्याथ्यौ. लायाका टहलमा जान्या बुझ्यासम्म भरसक्य लागि रह्याछौं. हाल सूरतका अर्थलाई प्रगना दूनमा फीरंगीको वाक्लो फौज आई आश्विन शुदि ११ मा र. कार्तिक वदि २ मा नालापाणिका किलामा कंवर कप्तानसंग लडाई पर्दा आंश्विन सुदि ११ मा वैरीका २२ जना षेत पऱ्या. ढेरै घायल भै. हठी अघि वस्थाका डेरा धामवाला ग्रामवालामा गै वस्यांको. फेरि कार्तिक वदि २ मा भारि फौज लि हलादि नालापानी किलामा आई लाग्दा. ७ प्रहरसम्म लडाई हुंदा. वैरिका. गोरा २७ काला १२० कीलाका ढोकैमा पऱ्याका. घायेल भयेका र. लोत्तलै गयाको···– का प्रतापले हांम्रो अघिला पालामा पनि पछिलापालामा पनि फत्ते भयाको र. २ पारी. कप तान भक्ति थापाले तुझारमा लडाई गरि फत्ते गऱ्याको विस्तार भारदारहरूका चिठिले मालूम होला. त्यांहां गर्न्या चौकसी गर्दैछुं. दसैंको प्रसादलाई. नालापानिमा त्यांहां भयाको षजाना पठावन्या कामले ५।७ दिनको ढिलो होन गयाको हो. दसैंको प्रसाद ढिलायाको माफ गरिवक्स्या जाला अर्ति सिछ्या मेहर रह्या वढिया होला. इति सम्वत् १८७१ साल मिति कार्तिक वदि ८ रोज ७ मुकाम श्रीनगर शुभं–

नंदादेवी
३

गननाथ
२

स्वस्ति श्रीसर्वदेपमाजोग्यत्यादि राजभारोद्धारण-सामर्थ श्री काजि वीर भन्जन पांडेकै दूत श्रीरूद्रवीरसाह– कस्य सलाम् पूर्वकपत्रमिदं त्याहा कुशल ताहा कुशल चाहिये आगे त्याहाको समाचार भलो छ उप्रान्त० वैसाक क्षुदि ११ का दिन सिकुवा डाडावाट लेषीयाको चीठि जेष्ट वदि ३ का दिन आई पुग्यो हेरि विस्तार बुझयाँ त्याहाको षवर विस्तार··· को चिठिले मालुम होला. दाज्यूसित······ को लडाई विग्रन जादा जसको डर थियो उ परिगयो अवत क्या छ. सिपाही पनि विना हतियारका छन्. दिउसै पनि सहरमा हेंहिछौ भनि आजु भनि आज भोलि मुर्षै भन्दछन्. १२।१५ हजार फौज र जीमिदार सवै उसका हात चढ्दा रयेत् ढुङ्गा माटो सबै वैरी पलटनाको जगामा केही गऱ्या पछि पनि पुग्दोरहेनछ. हामा र हतियार पनि सवैको रहेनछ ५।६ हजार लस्कर सबै जम्मा रहचा छ ईनैका भर राषी सहरमा उ पस्या पछि पनि ३ का किल्लावाट सीत २ दिनसम्म तोपको लडाई भयछ. सिपाहिहरूले भकमारी दिदा कोई भागन्या कोई मिल्न जान्या कोई आपना जान-वचा सहचारन लागदा लडाईमा कोही पसन जाई दिदा उस्का वम् गोला. किल्लाभीत्र पर्न लाग्दा किल्ला पनि भत् केछ. ३ दिन अघि पश्चिमतरफको लडाई पनि विग्रचाको षवर आयाको रहेछ र. अव लडी पुगन्या भयन. षजाना लस्कर उकासन्या हो भन्या सल्लाह् सवै भारदारहरू वसि मतो ठहराउदा उकासि आउनु भैरहेछ. घाको कुराको डवल गरी त्याहासम्म षजाना लस्कर उकासी ल्याउनु भैरहेछ सर्कार साधी पठाउनु भयाको छ उत्तरा आयाको छैन. उत्तरा आयापछि छेद षानि ठेगाना होला. उस्का हॉसी पक्रियाको षवर पुग्दा मदत् आयाकोले आज भोली ३०।३२ हजार लस्कर अल्मोडा दाषील भैरहेछ भन्छन् हामा मदत्का अर्थ ८।९ सयले त क्या १२।१५ हजार भयापनी कठिन भैरहेछ पश्चीम तरफ पनि विग्रचो. तसर्थ धावागरी आउन्या. काम छैन विस्तार सित लस्करको संभार राषी आया वढिया होला अछाममा सस्तो वेसाहा पनि छ ताहा विस्तार भया पनि वढियै होला त्याहाको षवर यत्तिकै छ दरवारवाट उत्तरा आया पछिको विस्तार पछी लेषुंला विज्ञेषु संवत् १८७२ लाल मिति जेष्ठ वदि ३ रोज ६ मुकाम वैतडी शुभम्–